# नेपालमा फ्लोरीकल्चरको सम्भावना र चुनौतीहरु

नेपालमा सन् १९५० बाट सामान्य स्तरमा पुष्प व्यवसाय एक उद्योगको रुपमा स्थापना भई हाल आयातलाई विस्थापित गर्दै निर्यातसम्मको स्थितिमा आइपुगेको छ । पुष्प व्यवसायको इतिहास डेढ, दुई दशक पुग नपुग भएपनि यसले धेरै फड्को मारिसकेको छ । विश्वमा जस्तै नेपालमा पनि पुष्प तथा पुष्पजन्य वस्तुको माग बढिरहेको छ र यससँग सम्बन्धित उद्योगहरु पनि क्रमशः विस्तारित भईरहेका छन् । पुष्प व्यवसाय काठमाडौँमा मात्र सीमित नभएर पोखरा, नारायणगढ, हेटौँडा, विराटनगर, धरान, धनगढी लगायतका शहरहरुमा फैलिएको स्थिति छ साथै हाल आएर खाडी मुलुकहरु, अमेरीका, जापान, तथा युरोपियन देशहरुमा पुष्प तथा पुष्पजन्य वस्तुहरु निर्यात भईरहेको छ । समग्रमा फ्लोरिकल्चरको राष्ट्रिय स्थिति बिस्तार उन्मुख छ ।

समय सापेक्ष परम्परागत कृषि प्रणालीबाट व्यवसायिक कृषि प्रणाली तर्फ परिवर्तन गर्दै लैजानु राष्ट्रको दायित्व हो । व्यवसायिक तर्फ गईसकेको उद्योगलाई थप परिस्कृत गरी चुनौतीहरुको सामना गर्न सहयोग पुऱ्याउनु पनि राष्ट्रकै दायित्व भित्र पर्दछ । तसर्थ व्यवसायिक रुप लिइसकेको फ्लोरिकल्चरको विकास, विस्तार तथा प्रवर्द्धन गुणात्मक रुपमा वृद्धि गर्दै लैजानु आजको राष्ट्रिय आवश्यकता हो । विगत दश वर्षको तथ्याङ्कलाई केलाएर हेर्दा हाम्रो आन्तरिक उत्पादन एंव बजारको माग निकै असन्तुलित छ । कुल खपतको झन्डै ६०% कारोबार वैवाहिक समारोहमा केन्द्रित छ ।

नेपाली बजारमा अत्याधिक माग हुने कट फ्लावरहरुमा क्रमशः ग्लेडिओलस, गुलाब, कार्नेशन, जरबेरा हुन् । यस बाहेक सयपत्री पनि कट फ्लावर बजारको प्रमुख कारोबार हुने फूल हो । ग्लेडिओलस तराई, पहाड र काठमाडौँ उपत्यका भित्र मौसम अनुकुलताका आधारमा उत्पादन भईरहेकाले बजारमा लगातार उपलब्ध भइरहेको छ । तर गुलाब, कार्नेशन, जरबेरा मौसमी हिसाबले गर्मी समयमा उत्पादन हुने र उपत्यका केन्द्रित हुनाले जाडो याममा यी फूलहरुको माग पूर्ति गर्न नसकिएको स्थिति छ ।

सयपत्री फूल नेपालमा परम्परागत तरिकाले लगाउँदा वैशाख देखि कार्त्तिकसम्म उपलब्ध भईरहेको छ । तथापि बढी माग हुने महिना (मंसिर, माघ र फागुन)मा यो फूलको उत्पादन शुन्य नै छ । यसर्थ नेपाली कट फ्लावर बजारमा यी फूलहरु आयात गर्न हामी बाध्य छौँ ।

यस बाहेक नेपाली कट फ्लावर बजारमा आन्तरिक उत्पादनमा गोदावरी, ट्यूवरोज, अर्किड, क्यालेन्डुला, कागजी फूल आदि फूलहरु उपलब्ध छन् ।

कट फ्लावर उत्पादनमा दिर्घकालीन लगानी उच्च जोखिम, प्रतिफलका लागि लामो समय पर्खिनु पर्ने कारणले कम उद्यमी एंव कम लगानी भएको सर्वविदितै छ । आन्तरिक उत्पादनलाई मूल्य प्रतिस्पर्धी बनाउनु ( भारतीय उत्पादनमा न्यूनतम ५० % अनुदानबाट उत्पादित हुनाले कम मूल्यमा बजारमा उपलब्ध हुने ) उद्यमीको लागि प्रमुख चुनौतीको रुपमा रहेको छ । राजनैतिक अस्थिरता, प्राकृतिक प्रतिकुलता, काठमाडौँमा पानी र जग्गाको सीमितता तथा दक्ष कामदारहरुको पलायनता तथा मल, विषादी, औजार र बीउ बिजनहरुको अभाव आदि हाम्रा तत्कालीन चुनौतीहरु हुन् ।

बजारको आकार बढ्दै जाँदा र आन्तरिक उत्पादनले माग पूर्ति गर्न नसक्दा आयात गरी बजार माग पूरा भइरहेको छ । तर आन्तरिक उत्पादनलाई बढाएर आयात प्रतिस्थापन सम्भव छ । यसका लागि सरकारी तथा गैह्र सरकारी संस्थाहरुको संयुक्त दिर्घकालीन योजना सहितको दृष्टिकोण आवश्यक छ । नेपालको प्राकृतिक विविधतालाई विकास गर्दै लैजाने हो भने फ्लोरीकल्चरको माध्यमद्वारा देशको अर्थतन्त्रलाई नै टेवा पुऱ्याउन सक्ने ठूलो सम्भावना छ ।

हाल उद्योगको रुपमा अगाडी बढीरहेको पुष्प व्यवसायको दिगो संस्थागत विकास, गुणस्तरीय उत्पादन, आन्तरिक बजार व्यवस्थापन, आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धन आदिमा सरकारी तथा गैह्र सरकारी संस्थाहरुको महत्वपूर्ण भूमिका हुन्छ । आन्तरिक बजारमा कट फ्लावरको माग प्रति वर्ष १०- १५%का दरले वृद्धि भईरहेको अवस्थामा देशभित्र थप उत्पादन शुरु गरी रोजगारीका अवसरहरु सृजना गर्न र पुँजीलाई देशभित्रै संस्थागत गर्न अति नै जरुरी छ । पुष्प व्यवसायको सुदृढीकरण एंव विकास गर्न किसानहरुलाई व्यवसायिक ज्ञान, शीप र बीउ बेर्नाको बारेमा जानकारी दिनुपर्छ र त्यस्तै नयाँ उद्यमीहरुलाई बजारको यथार्थ माग र आपूर्तिको तथ्य उपलब्ध गराई सुरक्षित बजार भएको क्षेत्रमा लगानी गर्ने अवसर प्रदान गर्न आवश्यक छ । अतः फूलको बढ्दो आन्तरिक तथा बाह्य मागलाई दृष्टिगत गरी लगानीको व्यवस्था, आन्तरिक श्रोत साधनहरुको परिचालन गरी रोजगारीको अवसर दिन सकिने यस पुष्प व्यवसायबाट राष्ट्रले अधिकतम लाभ लिने सम्भावना छ ।